रूक्मिणी वन्त प्रधान । २०७३ । *विक्रमशील महाविहार : एक अध्ययन* । काठमाडौँ : सृष्टि प्रधान राजभण्डारी ।

काठमाडौँ उपत्यकामा विद्यमान लगभग २२०० वर्ष पुरानो बौद्ध सभ्यताको इतिहास आफैमा एउटा अनुपम विषय हो । उपत्यकामा दोस्रो शताब्दी इसा पूर्वदेखि बौद्ध धर्मको इतिहासलाई प्रामाणिक मानिएको छ । यद्यपि, केही पुराण तथा वंशावलीहरूको व्याख्यान्मा त्यसभन्दा अघि नै बुद्ध धर्मको अस्तित्व थियो भन्ने संकेत पाइन्छ । जे होस्, नेपालमा बुद्ध धर्मको ऐतिहासिकता प्राचीन रहेको छ भन्नेमा सन्देह छैन । यहाँको बुद्ध धर्म, संस्कृति र त्यससँग सम्बन्धित अन्य पक्षको विकासमा मूलतः नेवार संस्कृति र सभ्यताको एक प्रमुख अंग बौद्धमार्गी नेवारहरूको प्रमुख भूमिका रह्यो । तिनीहरूले धर्मसँग सम्बन्धित विविध पक्षहरू कला-कौशल, विधि-विधान, रीतिथिति, ग्रन्थ साहित्य, बौद्ध विद्वता लगायत विविध क्षेत्रको विकासमा ज्यादै महत्त्वपूर्ण योगदान दिए । बौद्ध नेवारहरूकै कारण नेपाल उपत्यकामा सातौँ शताब्दीपछि महासांधिक भिक्षु भिक्षुणी संघ विस्तारै लोप भई वज्रयान परम्पराको अत्यधिक विकास हुन पुग्यो । पूर्व मध्यकालको शुरूआत सम्ममा काठमाडौँ उपत्यका बौद्ध अध्ययनको एक अनुपम केन्द्रको रूपमा विकसित भयो र तिब्बतीहरूका माझ यसको अत्यधिक आकर्षण रह्यो । तत्कालीन अवस्थामा नेवारहरूले मान्दै आएको वज्रयान धर्ममा तेह्रौँ शताब्दी सम्ममा गहन परिवर्तनहरू देखा परे । परिणाम स्वरूप नेपालको बुद्ध धर्म आजको अवस्थामा आइपुगेको छ ।

काठमाडौँ उपत्यकामा प्राचीन कालदेखि नै बुद्ध धर्मको अध्ययन, अध्यापन र अभ्यास गहन रूपले हुन्थ्यो । नेपालमा प्राप्त कतिपय वंशावली तथा अन्य ऐतिहासिक टिपोटहरूका रूपमा विभिन्न विद्वान, लेखकहरूले नेपालको बुद्ध धर्मको इतिहास एवं यसका अन्य विविध पक्षलाई क्रमिक रूपमा लिपिबद्ध गरेको पाइन्छ । आधुनिक कालमा काठमाडौँमा अंग्रेज कूटनीतिज्ञ ब्रायन हड्सनको आगमनपछि मात्र आधुनिक ढंगले नेपालको बुद्ध धर्मका विविध पक्षको अध्ययन अनुसन्धान गरी त्यसबारे लेख्ने कार्य शुरू भयो । वर्तमान समयसम्म आइपुग्दा बुद्ध धर्म र संस्कृतिका सूक्ष्मातिसूक्ष्म विषयमा समेत विस्तृत अध्ययनहरू भइरहेका छन् । यस क्रममा विदेशी विद्वानहरूबाट भएका अनुसन्धानात्मक कार्य प्रशंसनीय छन् । यसका साथै स्थानीय अनुसन्धानकर्ताहरूले पनि यस क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका छन् । तर तुलनात्मक रूपमा हेर्दा त्यस्ता कृतिहरू चाहे ती पुस्तक, अनुसन्धानात्मक लेख वा अनुसन्धान प्रतिवेदनहरू हुन्, प्राज्ञिक दृष्टिले त्यति दह्रो देखिन सकेका छैनन् । तसर्थ, संख्यात्मक रूपमा कम नभए तापनि स्थानीय अनुसन्धान निश्चित रूपमा त्यति उत्साहित हुने अवस्थामा छैन । यस्तो परिस्थितिमा काठमाडौँको ठमेलस्थित ऐतिहासिक विक्रमशील महाविहारबारे लेखिएको पुस्तक *विक्रमशील महाविहार : एक अध्ययन* प्रकाशित भएको छ ।

रूक्मिणी वन्त प्रधानद्वारा लिखित यस पुस्तकले विक्रमशील महाविहारको एकसरो अध्ययनलाई समेटेको छ। यसमा विहारको विविध पक्ष, खास गरी सामान्य परिचय, कला र वस्तुकला, प्रचलित संस्कार एवं पर्वहरूलाई समेटिएको छ। तर, यसमा दिइएको विवरण र वर्णन भने अत्यन्तै संक्षिप्त र सतही छ। यसले सम्बोधन गरेको विषय केवल विहारमै सीमित छ। नेवार बौद्ध धर्म परम्पराबारे यस पुस्तकमा त्यति चर्चा गरिएको छैन। यद्यपि, विहारबारे सामान्य जानकारी प्राप्त गर्न प्रस्तुत पुस्तक सहयोगी नै छ।

यो पुस्तक १८ वर्षअघि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको लागि गरिएको अनुसन्धानको उपज हो। लेखककै शब्दमा "१८ वर्षअघि तयार पारिएको यो अनुसन्धानात्मक प्रतिवेदन पुस्तकको रूपमा प्रकाशित गर्दा पुरानै रूपमा प्रतिवेदन जस्ताको त्यस्तै छापिएको छ" (पृ. ११)। यो १८ वर्षको लामो अन्तरालमा नेवार बौद्ध धर्मका विविध पक्षमा अनेकौँ अनुसन्धान र प्रकाशनहरू भइसकेका छन्। अनेकौँ स्वदेशी र विदेशी अनुसन्धानकर्ताले यसका विविध पक्ष लगायत अनेकौँ विहारहरूकै बारे पनि महत्त्वपूर्ण अध्ययन गरिसकेका छन्। ती अनुसन्धानबाट प्राप्त ज्ञान र नतिजाका आधारमा यो पुस्तकमा प्रस्तुत भएका तथ्यलाई तुलनात्मक अध्ययन गर्न र प्रस्तुत हुन नसकेका तथ्यलाई थप्न सकेको भए पुस्तक अझै गहकिलो, समसामयिक र प्रतिस्पर्धी बन्न सक्ने थियो। तर, त्यसो गरिएको छैन।

पुस्तकको प्राक्कथन र मेरो भनाइ शीर्षकका दुवै स्थानमा लेखकले आफ्ना भनाइ प्रस्तुत गर्नुभएको छ। लगभग उस्तै प्रकारको अभिव्यक्ति बोकेका यी दुईमध्ये एउटा मात्रै खण्ड राख्दा उपयुक्त हुने थियो। प्राक्कथनको शुरूमै देवमन्दिर, आदिको अध्ययन बिना उपत्यकाको सांस्कृतिक इतिहास पूर्ण नहुने हुँदा ठमेलस्थित विक्रमशील महाविहारको अध्ययन गरिएको भनी उद्देश्य प्रस्ट पारिएको छ। यसबाट लेखकले उपत्यकाको सांस्कृतिक इतिहासलाई जोड दिएको र विक्रमशील महाविहारको अध्ययन त्यसैको लागि गरिएको भन्ने बुझिन्छ। यद्यपि, पुस्तकको पूर्ण संरचनामा भने सांस्कृतिक इतिहासलाई कुनै पनि रूपमा स्थान दिइएको छैन।

पुस्तकका पाँच खण्डमध्ये प्रथम खण्ड नेपालमा बुद्ध धर्म र अन्तिम खण्ड उपसंहार भएको हुँदा विहारसँग सम्बन्धित खण्ड तीन ओटा छन्। काठमाडौँ उपत्यकामा छैटौँ शताब्दीको अन्त्यतिर वज्रयान धर्मको आगमनपछि यसले जरा गाड्यो र नेवार समुदायमा यसको स्थिति मजबुत बन्यो। प्राचीन कालमै यहाँ अनेकौँ विहारहरू स्थापित भइसकेका थिए। तर वज्रयान धर्मको मूलप्रवाहभन्दा अलग रूपमा स्थापित र विकसित यो विहार प्रधानहरूको संलग्नतामै सञ्चालन हुँदै विकसित भयो। विहारको ऐतिहासिक विकास क्रममा यसको अलग पहिचान र महत्त्व रहेको छ। यस प्रकारको महत्त्व रहेको विहारबारे पहिलोपल्ट कलम चलाउने व्यक्ति प्रस्तुत पुस्तकका लेखक नै हुनुहुन्छ।

यो पुस्तकमा विक्रमशील महाविहारको विविध पक्षबारे चाखलाग्दो जानकारी संग्रह गरिएको छ। खास गरेर, विहारको कला, वास्तुकला, पूजा-आजा र विधि-विधान, आदिबारे

वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ र त्यसले निश्चय नै पाठकहरूलाई विहारबारे महत्त्वपूर्ण जानकारी दिन्छ । यसै गरी, ऐतिहासिक पक्षलाई (पृ. २८–३५) संक्षिप्त रूपमा नै भए पनि प्रकाश पार्ने कोशिश गरिएको छ । यो राम्रो पक्ष हो । तर इतिहासबारे जुन ढंगले निर्क्योल गरी विहारको उत्पति र क्रम-विकास जस्ता ऐतिहासिक पक्षलाई उजागर गर्नुपर्ने थियो त्यो भने हुन सकेको देखिएन । यसले गर्दा विहारको इतिहास अस्पष्ट हुन गएको छ । यद्यपि, लेखकले दृष्टि दिनुभएका विषयहरू चाख लाग्दा छन् । विहारमा प्रधानहरूको जुन भूमिका छ त्यो इतिहासकारहरूको चासोको विषय हो । परम्परागत बौद्ध नेवारहरूले संघ सञ्चालन गरिरहेको परिप्रेक्ष्यमा यसप्रकारको व्यवस्था आफैमा एक महत्त्वपूर्ण विषय हो ।

यस पुस्तकमा संकलित अभिलेखहरूको ऐतिहासिक विश्लेषणमा विशिष्ट महत्त्व रहेको छ । यसै गरी अर्को चाखलाग्दो विषय भनेको विक्रमशील महाविहारमा संरक्षित सतसहस्रिका प्रज्ञापारमिता हो । वज्रयान धर्मको विकास र प्रसंगमा नेपालको बौद्ध संस्कृत वाङ्मयको महत्त्वपूर्ण स्थान रहेको छ । विक्रमशील महाविहारस्थित सतसहस्रिका प्रज्ञापारमिताको पनि आफ्नै महत्त्व छ । यो ग्रन्थ नेपालमा हाल विद्यमान थोरै सतसहस्रिका प्रज्ञापारमिता ग्रन्थहरूमध्ये एक हो । यसका पाँच भागमध्ये चार भाग मात्र विहारमा विद्यमान छन् । यसको परिचर्चा पुस्तकको अर्को महत्त्वपूर्ण पक्ष हो ।

यो पुस्तकको विषयवस्तु महत्त्वपूर्ण र पठनीय हुँदाहुँदै पनि यसलाई अझ परिमार्जन गरी स्तरीय पार्न सकिने सम्भावना प्रशस्त देखिन्छ । यसको प्रस्तुतिमा अनेकौँ त्रुटि छन् । ऐतिहासिक पक्षको विश्लेषण अत्यन्तै हल्काफुल्का रूपमा गरिएको छ र वैचारिक प्रस्तुतिलाई ऐतिहासिक प्रमाणले पुष्टि गर्न सकिएको छैन । कतिपय स्थानमा इतिहासका प्रमाणका रूपमा कमजोर स्रोतहरूलाई प्रस्तुत गरिएको छ (पादटिप्पणी ११–१३) । केही स्थानमा गलत र अनुपयुक्त स्रोतको समेत प्रयोग गर्नु त्यति उचित देखिएन (पृ. १५, नं १, २, ११, १२, १४, २५, आदि) । उदाहरणका लागि, वंशावलीका सन्दर्भ उद्धृत गर्दा वंशावलीलाई नै प्रत्यक्ष स्रोतका रूपमा उल्लेख नगरी अन्य स्रोत मार्फत ल्याइएको छ । लेखनमा एकरूपताको अभाव छ भने प्रस्तुतिमा केही तथ्यगत त्रुटि समेत भेटिन्छ । जस्तै, विहारको प्रमुख देवता भनी सिहलसार्थ बाहु वा शाक्यमुनि (पृ. ३९) भनिएको छ भने अर्को ठाउँमा मुख्यदेवता शाक्यमुनि (पृ. ४४) लेखिएको छ ।

पुस्तकका कतिपय स्थानमा व्याख्या आवश्यक हुँदाहुँदै पनि त्यो सन्दर्भलाई यत्तिकै छोडिएको छ । विक्रमशील महाविहारका प्रधानहरूको खलक विभाजन र तिनको भूमिका (पृ. ४४) आदिबारे थप व्याख्या भएको भए त्यसले प्रधानहरूको भूमिकाबारे अझ बढी जानकारी दिन सक्दथ्यो । अन्य कतिपय स्थानमा लेखकले किंवदन्तीकै आडमा इतिहासको व्याख्या गर्ने प्रयास गर्नुभएको छ । यसले इतिहासलाई उचित न्याय गर्न सकेको छैन । यसको अलावा सन्दर्भग्रन्थ सूची र पादटिप्पणीमा पनि प्राविधिक त्रुटि छन् ।

पुस्तक महत्त्वपूर्ण विषयमा लेखिएको भए पनि अनेकौँ त्रुटि र कमजोरीप्रति ध्यान पुऱ्याउन नसकेकाले यसको प्रस्तुति फितलो बनेको छ । परिणामतः लेखकको मिहिनेत त्यति उच्च बिन्दुमा पुग्न सकेको छैन । यद्यपि, यस्ता केही कमजोरीका बाबजुद पनि यस पुस्तकले विक्रमशील विहारका बारेमा पाठकलाई धेरै जानकारी दिन भने सकेको छ ।

**शंकर थापा**
त्रिभुवन विश्वविद्यालय